प्रदेश सरकार

उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय

कर्णाली प्रदेश

नारा सहितको लोगो छनौट सम्बन्धि सूचना

सूचना प्रकाशित मिति २०७६/०८/१२

नेपाल भ्रमण वर्ष २०२० लाई सफल बनाउनका लागि कर्णाली प्रदेशका पर्यटकिय गन्तव्य, संस्कृतिहरुको पहिचान, प्रचार प्रसार मार्फत प्रदेशको पर्यटकिय क्षेत्रको विकासका लागि प्रदेशको पहिचान दिन सक्ने नारा सहितको लोगो प्रतिस्पर्धा मार्फत छनौट गर्ने प्रयोजनका लागि यो सूचना जारी गरिएको छ। ईच्छुक व्यक्ति, संघसंस्था तथा फर्महरुले तपसिलमा उल्लेखित बिषयहरुलाई ध्यानमा राखि नारा सहितको लोगो environment.karnali@gmail.com वा moitfe@karnali.gov.np मा १० दिन भित्र पठाउनु हुन अनुरोध छ। सर्वोत्कृष्ट भई छनौट हुने नारा सहितको लोगोलाई ४० हजार पुरस्कारको व्यवस्था रहेको जानकारी गराइन्छ। साथै नारा सहितको लोगोको विषयमा विस्तृत जानकारी यस मन्त्रालयको वेवसाइट moitfe.karnali.gov.np मा उपलब्ध छ।

१. नारा सहितको लोगो कर्णाली प्रदेशको प्राकृतिक, धार्मिक, संस्कृतिक, ऐतिहासिक लगायतका विशेषताहरु झल्किने खालको हुनुपर्नेछ।
२. नारा सहितको लोगो जुनसुकै vector (जुनसुकै साइजमा पनि मिल्ने) मा मिल्ने हुनु पर्नेछ र सो को डिजिटल कपी मन्त्रालयमा उपलब्ध गराउनु पर्नेछ।
३. नारा सहितको लोगो नेपाली तथा अंग्रेजी दुवै भाषामा हुनु पर्नेछ।
४. प्रतिस्पर्धामा व्यक्ति, संघसंस्था, फर्म समेत सहभागी हुन सक्नेछन।
५. छनौट समितिको निर्णयबाट सर्वोत्कृष्ट नारा सहितको लोगो छनौट गरिनेछ र सो को सर्वाधिकार यस मन्त्रालयमा रहनेछ।
६. समय सिमा भन्दा पछि पेश हुन आएका नारा सहितको लोगो प्रतिष्पर्धामा समावेश गरिने छैन।

थप जानकारीका लागि ९८४८०७७७८४ मा सम्पर्क राख्न सक्नु हुनेछ।

Scanned by CamScanner